nmc for good culture & prosperity
NMC coop 1994

असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति : २०८०/११/१८*

यस नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.(एनएमसी) द्वारा सञ्चालित विभिन्न व्यवसाय तथा क्षेत्रका लागि निम्न पदहरूमा खुला प्रतिस्पर्धाद्वारा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय अनुसारको योग्यता पुगेका नेपाली नागरिकबाट अनलाइन प्रणाली मार्फत् दरखास्त आह्वान गरिएको छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेद्वारले संस्थाको आधिकारिक वेबसाइट https://nmc.coop.np मा गई Career Section भित्र Apply Online मा Click गरी अनलाइन प्रणालीमार्फत दरखास्त दिनु पर्नेछ ।

**(क) बचत तथा ऋण व्यवसायतर्फ (Saving & Credit) :**

| क्र.स. | विज्ञापन नं. | पद/सेवाको किसिम | माग पद संख्या | | | | जम्मा | तलब स्केल | शैक्षिक योग्यता | उमेर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | झापा क्षेत्र | | मोरङ क्षेत्र | इलाम क्षेत्र | | | | |
| | | | कनकाई-रतुवा (क) | कनकाई-रतुवा (ख) | | | | | | |
| १ | ३४/२०८०-०८१ | कार्यालय सहायक पाँचौं (करार) | २ | २ | २ | २ | ८ | १९,१४० | कक्षा १२ | २०-३५ वर्ष |
| २ | ३५/२०८०-०८१ | तालिमी वरिष्ठ सहायक तेस्रो | - | - | १ | १ | २ | १८,४८० | स्नातक | २२-३५ वर्ष |
| ३ | ३६/२०८०-०८१ | तालिमी सहायक अधिकृत | - | - | १ | १ | २ | २०,०२० | स्नात्तकोत्तर | २५-३५ वर्ष |

**(ख) एनएमसी एग्रो फार्मतर्फ (NMC Agro Farm) :**

| क्र.स. | विज्ञापन नं. | पद/सेवाको किसिम | माग संख्या | तलब स्केल | शैक्षिक योग्यता | उमेर |
|---|---|---|---|---|---|---|
| १ | ३७/२०८०-०८१ | कार्यालय सहायक आठौं (करार सेवा) | २ | १५,४०० | एसईई | २०-३५ वर्ष |

**(ग) एनएमसी सहकारी पसल व्यवसायतर्फ (NMC COOP Shop) :**

| क्र.स. | विज्ञापन नं. | पद/सेवाको किसिम | माग संख्या | तलब स्केल | प्राविधिक भत्ता | शैक्षिक योग्यता | उमेर |
|---|---|---|---|---|---|---|---|
| १ | ३८/२०८०-०८१ | कार्यालय सहायक पाँचौं (प्राविधिक) (करार सेवा) | १ | १९,१४० | ५,००० | कक्षा १२ | २०-३५ वर्ष |

<u>निम्न :</u>

१. बचत तथा ऋण व्यवसायतर्फ विज्ञापन नं.३५/२०८०-८१ को तालिमी वरिष्ठ सहायक तेस्रो र विज्ञापन नं. ३६/२०८०-८१ को तालिमी सहायक अधिकृत पदको तालिमी अवधि ६ महिनाको हुनेछ । उक्त अवधिपछि करार सेवामा सेवाको किसिम रुपान्तरण गरिने छ ।

२. बुँदा १ बमोजिम करार सेवामा रुपान्तरण भएपश्चात वरिष्ठ सहायक तेस्रो पदको तलबस्केल रु.२७,१७०।- र सहायक अधिकृत पदको तलबस्केल रु.३४,१००।- कायम हुनेछ ।

३. बचत तथा ऋण व्यवसायतर्फ विज्ञापन नं.३५/२०८०-८१ को तालिमी वरिष्ठ सहायक तेस्रो र विज्ञापन नं. ३६/२०८०-८१ को तालिमी सहायक अधिकृत पदको लागि दुईचक्के सवारीचालक अनुमति पत्र अनिवार्य गरिएको छ भने अन्य पदमा दुईचक्के सवारीचालक अनुमति पत्र भएकोलाई प्राथमिकता दिइनेछ ।

४. बचत तथा ऋण व्यवसायतर्फ विज्ञापन नं. ३६/२०८०-८१ तालिमी सहायक अधिकृत पदका लागि कार्य अनुभव बैंक तथा वित्तीय संस्थामा न्यूनतम २ वर्ष अनिवार्य गरिएको छ । कार्य अनुभवको कागजात पेस गर्दा स्थायी लेखा नम्बरसहित स्रोत करकट्टी जम्मा गरेको स्टेटमेन्ट अनिवार्य पेस गर्नु पर्नेछ ।

५. एनएमसी एग्रो फार्मतर्फ विज्ञापन नं. ३७/२०८०-८१ को कार्यालय सहायक आठौं पदका लागि प्राङ्गरिक मल उत्पादन एकाइ प्रमुखको जिम्मेवारीका लागि १ र बजार प्रतिनिधि जिम्मेवारीका लागि १ गरी जम्मा २ जना कर्मचारी आवश्यकता रहेकोछ ।
६. एनएमसी एग्रो फार्मतर्फ विज्ञापन नं. ३७/२०८०-८१ को कार्यालय सहायक आठौं पद, प्राङ्गरिक मल उत्पादन एकाइ प्रमुखका लागि कृषि वा पशुपालन सम्बन्धी अध्ययन गरेको (JTA/JT) वा तालिम प्राप्त, मल उत्पादनको क्षेत्रमा कार्य अनुभव र मोटरसाइकल वा हलुका सवारीसाधन अनुमति पत्र प्राप्त गरेको हुनु पर्नेछ ।
७. एनएमसी एग्रो फार्मतर्फ विज्ञापन नं. ३७/२०८०-८१ को कार्यालय सहायक आठौं पद, बजार प्रतिनिधिका लागि बजारीकरणमा अनुभवी र मोटरसाइकल वा हलुका सवारीसाधन अनुमति पत्र प्राप्त गरेको हुनु पर्नेछ ।
८. एनएमसी एग्रो फार्मतर्फ विज्ञापन नं. ३७/२०८०-८१ को कार्यालय सहायक आठौं पद, बजार प्रतिनिधिले कृषि फार्मबाट उत्पादित कृषिउपजहरुलाई फार्मले तोकेको क्षेत्रमा बिक्री वितरण गर्नु पर्नेछ ।
९. एनएमसी एग्रो फार्मतर्फ विज्ञापन नं. ३७/२०८०-८१ को कार्यालय सहायक आठौं पद, मल उत्पादन एकाइ प्रमुखले मल उत्पादन सम्बन्धी सम्पूर्ण कार्यहरु जस्तैः गड्यौलापालन, प्राङ्गरिक मल उत्पादन आदि कार्य गर्नु पर्नेछ ।
१०. सहकारी पसल व्यवसाय तर्फ विज्ञापन नं. ३८/२०८०-८१ को कार्यालय सहायक पाँचौं (प्राविधिक) पदका लागि न्यूनतम् ६ महिना ग्राफिक्स डिजाइन/कम्प्युटर अपरेटर कोर्ष पूरा गरेको हुनु पर्नेछ ।
११. सहकारी पसल व्यवसाय तर्फ विज्ञापन नं. ३८/२०८०-८१ को कार्यालय सहायक पाँचौ (प्राविधिक) पदका लागि इ-कमर्शको क्षेत्रमा कार्य गरेको, डिजिटल मार्केटिङको बेसिक तहको कोर्ष पूरा गरेको र अनलाइन तथा वेबसाइट सञ्चालन सम्बन्धी ज्ञान भएकोलाई प्राथमिकता दिइनेछ ।
१२. सहकारी पसल व्यवसाय तर्फ विज्ञापन नं. ३८/२०८०-८१ को कार्यालय सहायक पाँचौं (प्राविधिक) पदमा उत्तीर्ण कर्मचारीले ग्राफिक्स डिजाइन, वेबसाइट तथा सामाजिक सञ्जाल अद्यावधिक, ई-कमर्श, डिजिटल विज्ञापन सम्बन्धी कार्य गर्नु पर्नेछ ।
१३. परीक्षाका लागि आवश्यक पाठ्यक्रम संस्थाको आधिकारिक वेबसाइट www.nmc.coop.np मा राखिएको छ ।
१४. परीक्षाका लागि तोकिएको पाठ्यक्रमको सहकारी ज्ञानमाला-३ संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गतका सेवाकेन्द्रहरुबाट सशुल्क वा संस्थाको आधिकारिक वेबसाइट www.nmc.coop.np बाट PDF File निःशुल्क प्राप्त गर्न सकिने छ ।
१५. परीक्षाका लागि तोकिएको पाठ्यक्रमको नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभागबाट प्रकाशित 'नेपाल परिचय' अध्ययनका लागि संस्थाको वेबसाइट www.nmc.coop.np बाट PDF File प्राप्त गर्न सकिने छ ।
१६. कार्य समय र सिफ्ट : प्रत्येक दिन संस्थामा काम गर्ने समय अवधि न्यूततम ८ घण्टा हुनेछ भने कार्य सुरु हुने समय र अन्त्य हुने समय व्यवसायगत आधारमा फरक फरक हुनेछ । संस्थाको आवश्यकता अनुसार अतिरिक्त सयम पनि कार्य गर्नु पर्नेछ ।
१७. मासिक आधारभूत तलब स्केलका अतिरिक्त संस्थाको नियम अनुसार सञ्चयकोष, ग्रेड, उपदान, साधारण भत्ता, अतिरिक्त समय भत्ता, बोनस र सञ्चिति बिदा लगायतका अतिरिक्त सुविधा प्रदान गरिने छ ।
१८. संस्थामा नियुक्त हुने कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा (SSF) आवद्ध गराई कोषबाट प्राप्त हुने सम्पूर्ण सुविधा उपलब्ध गराइनेछ ।
१९. उम्मेद्वारले शैक्षिक योग्यताको प्रमाण पत्र (लब्धाङ्क पत्र, चारित्रिक प्रमाण पत्र), तालिम, सवारीचालक अनुमति पत्र, अनुभव, नागरिकता (तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा तोकिएको फर्म्याटमा अनिवार्य अपलोड गर्नु पर्नेछ ।
२०. दरखास्त दिने अन्तिम मिति मिति २०८० चैत ५ गते सोमबारसम्म तोकिएको छ ।
२१. बचत तथा ऋण व्यवसाय र सहकारी पसल व्यवसायतर्फको परीक्षाको किसिम लिखित, कम्प्युटर सीप परीक्षण र मौखिक अन्तर्वार्ता हुनेछ ।
२२. एनएमसी एग्रो फार्मतर्फ परीक्षाको किसिम लिखित र मौखिक अन्तर्वार्ता हुनेछ ।
२३. उत्तीर्ण उम्मेद्वारले संस्थाले तोकेको कार्यविवरण (JD) अनुसार कार्य गर्नु पर्नेछ ।
२४. विदेशबाट शैक्षिक योग्यता हासिल गरेको भए समकक्षताको प्रमाण अनिवार्य पेस गर्नु पर्नेछ ।
२५. बचत तथा ऋण व्यवसाय र सहकारी पसल व्यवसायतर्फ लिखित परीक्षामा उत्तीर्ण उम्मेद्वारलाई मात्र कम्प्युटर सीप परीक्षण र मौखिक अन्तर्वार्तामा सहभागी गराइने छ ।
२६. आवेदकले अनलाइन फारम भर्नुअघि सोसम्बन्धी जानकारी https:\\vacancy.nmc.coop.np मा भएको Notice मार्फत प्राप्त गर्न सक्नेछन् ।
२७. एउटै व्यक्तिले एकभन्दा बढी पदका लागि आवेदन दिन पाइने छैन ।

२८. अनलाइन आवेदनका लागि आवेदकले सफ्टवेयरमा New Registration गर्दा Create your Account मा राखिने email Address र Mobile Number सम्बन्धित आवेदकको नाममा भएको हुनु पर्नेछ ।

२९. न्यूनतम योग्यता नपुगेका वा तोकिएको आवश्यक विवरण नखुलेका वा तोकिएको आवेदन दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

३०. आवेदन पेस गर्दा बचत तथा ऋण व्यवसायतर्फ तोकिएको कोटा अन्तर्गत जिल्ला र क्षेत्र छनोट गरी Submit गरिसकेपछि पुनः संशोधन गर्न पाइने छैन ।

३१. बचत तथा ऋण व्यवसाय तर्फ क्षेत्र भन्नाले संस्थाले आन्तरिक प्रयोजनका लागि तोकिएका निम्नानुसार सेवाकेन्द्रहरु सम्झनु पर्नेछ ।

- कनकाई-रतुवा क्षेत्र (क) : सुरुंगा, शरणामती, दुधे, घैलाडुब्बा, शिवगञ्ज, दुर्गापुर, झापा बजार, कुञ्जीबारी र लक्ष्मीपुर
- कनकाई-रतुवा क्षेत्र (ख) : केर्खा, दमक, गौरीगञ्ज, गौरादह, बैगुनधुरा, ग्वालडुब्बा, चुलाचुली, फाल्गुनन्द चोक, डुडामारी र पाडाजुंगी

३२. संस्थाको इलाम र मोरङ क्षेत्रबाट आवेदन दिई उत्तीर्ण हुने कर्मचारीहरुलाई हाल संस्थाको सो क्षेत्रमा रहेका सेवाकेन्द्र वा भविष्यमा उक्त जिल्लामा सञ्चालनमा आउन सक्ने सेवाकेन्द्रहरुमा पदस्थापन गरिने छ ।

३३. लिखित परीक्षाका लागि परीक्षा मिति र परीक्षा केन्द्र सम्बन्धी सूचना संस्थाको वेबसाइट www.nmc.coop.np र फेसबुक पेज www.facebook.com/nmccoopjhapa मा मिति २०८० चैत ९ गते प्रकाशन गरिने छ ।

३४. करार सेवा अवधिको पहिलो ६ महिना (१८० दिन) परीक्षणकाल हुनेछ । परीक्षणकाल अवधिको कार्यसम्पादन मूल्याङ्कनका आधारमा रोजगार सम्झौता निरन्तरता गर्ने वा नगर्ने सम्बन्धी निर्णय संस्थाले गर्नेछ ।

३५. अन्तिम छनोटमा परेका उम्मेद्वारहरूले संस्थाले तोकेअनुसारको धितो धरौटीको व्यवस्था गर्नुपर्नेछ ।

३६. उत्तीर्ण परीक्षार्थीले नियुक्ति लिनुपूर्व स्वास्थ्य परीक्षण तथा प्रहरी रिर्पोट, स्थायी लेखा नम्बर अनिवार्य पेस गर्नु पर्नेछ ।

३७. बचत तथा ऋण व्यवसायतर्फ उत्तीर्ण उम्मेद्वारहरूलाई संस्थाको आवश्यकताका आधारमा अन्तर जिल्ला र अन्तर सेवाकेन्द्रमा स्थानान्तरण गर्न सकिने छ ।

३८. विज्ञापनमा प्रकाशन गरिएका श्रेणीगत पदका लागि आवश्यक सङ्ख्याको २० गुणा वा १०० भन्दा बढी संख्यामा आवेदन पर्न आएमा सम्बन्धित पदका लागि प्रारम्भिक छनोट चरणको परीक्षा सञ्चालन गर्न सकिने छ ।

३९. परीक्षाको नतिजा प्रकाशन संस्थाको वेबसाइट www.nmc.coop.np र फेसबुक पेज www.facebook.com/nmccoopjhapa बाट सार्वजनिक गरिनेछ ।

४०. आवेदन दस्तुर तिर्न संस्थाको Online Application System मा उपलब्ध Online Payment Gateway हरू मध्ये कुनै एक प्रयोग गर्न सकिने छ ।

४१. दरखास्त दस्तुर तपसिल अनुसार तोकिएको छ ।

| क्र.स. | पद | दस्तुर शुल्क (रु.) |
|---|---|---|
| १ | कार्यालय सहायक पाँचौं र आठौं | रु. ३००।- |
| २ | तालिमी वरिष्ठ सहायक तेस्रो | रु. ४००।- |
| ३ | तालिमी सहायक अधिकृत | रु. ५००।- |

४२. उम्मेद्वारले तिरिसकेको आवेदन दस्तुर फिर्ता हुने छैन ।

४३. थप जानकारीका लागि इमेल ठेगाना hrdepartment@nmc.coop.np मा इमेल गर्न सकिनेछ ।

**- एनएमसी सेवा आयोग**